आज मिति २०८१ साल पुष महिनाको १३ गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका उपाध्यक्ष श्री कमल कुमार विष्ट अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

**समय : दिउंसो १:०० बजे** **बैठक नं – ३२**

## उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र बहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | [signature] |
| ३. | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | [signature] |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | [signature] |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | [signature] |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | [signature] |
| ७. | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | [signature] |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म वटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | [signature] |
| ११. | श्री प्रदीप बोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | [signature] |
| १२. | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३. | श्री थुमा सहकारी(बुढा) | सदस्य | [signature] |
| १४. | श्री वन्दना देवी शाही | सदस्य | [signature] |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | सुन्केसा |
| १६. | श्री करन नेपाली | सदस्य | [signature] |
| १७. | श्री जगत बहादुर दर्जी | सदस्य | [signature] |
| १८. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | [signature] |

कार्यालय सहयोगी
१. गंगब.बुढा

[signature]

## प्रस्तावहरु

१. पोलहरु र फाईवर ईन्टरनेट माग गर्ने सम्बन्धमा।
२. विपदको राहात माग सम्बन्धमा।
३. झुलुङ्गे पुलका लागि आवश्यक सामाग्री माग गर्ने सम्वन्धमा।
४. प्रारम्भिक वातावरणीय प्रतिवेदनको (IEE) म्याद थप गर्ने सम्मन्धमा।
५. विविध सम्वन्धमा।

## निर्णयहरु

**निर्णय नं १**

प्रस्ताव नं १ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका १-९ सम्मका सम्पूर्ण वडाहरुमा विधुत सुविधा नियमित गर्न विधुत प्राधिकरण मान्मा संग तपसिलको संख्यामा पोल माग गर्ने र फाईवर ईन्टरनेट सञ्चालन गर्न नेपाल टेलिकम माम्मा संग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| वडा नं | मेन लाईन पोल (HT) | सहायक लाईन (LT) | ट्रान्फर्मर ५० के. भि. | कैफियत |
|---|---|---|---|---|
| १ | ० | ५० | १ | |
| २ | ० | ६० | १ | |
| ३ | ० | १०० | २ | |
| ४ | १०० | ८०० | २ | |
| ५ | ५० | ३५० | २ | |
| ६ | ० | ६० | ० | |
| ७ | ० | ० | ० | |
| ८ | १०० | २५० | ३ | |
| ९ | ७० | १००० | २ | |

**निर्णय नं २**

प्रस्ताव नं २ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका वडा नं ५ मा असार ३० गते देखि असोज १५ सम्म आएको अविरल वर्षाको कारण घर तथा जमिन पूर्ण रुपमा क्षति भएका तथा गाउँपालिकाको विपद व्यवस्थापन समितिको बैठकमा सिफारिस भएका तपसिल बमोजिमका लाभग्राहीहरुको लागि आवास माग सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र. सं. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | अंख वहादुर सहकारी | नरहरिनाथ ५ | |
| २ | नय वहादुर सहकारी | नरहरिनाथ ५ | |
| ३ | गौरा देवि सहकारी | नरहरिनाथ ५ | पद सहकारी (श्रीमान) |



CamScanner

| | | | |
|---|---|---|---|
| ४ | मन वहादुर सहकारी | नरहरिनाथ ५ | |
| ५ | रतन वहादुर सहकारी | नरहरिनाथ ५ | |

**निर्णय नं ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका वडा नं १ र ८ जोड्ने रहगाड झुलुङ्गे पुल निर्माण गर्न यस गाउँपालिकाबाट आ. व. २०८१/०८२ मा ५०,००,०००।-(अक्षरुपी पचास लाख मात्र) वजेट विनियोजन गरिएको र स्टील पार्टसको (Steel Parts) खरिदको लागि बोलपत्रको आह्वान भईसकेको जानकारी गराउँदै अन्य आवश्यक सामाग्री माग गर्न जिल्ला पूर्वाधार कार्यालय मान्मा मार्फत भौतिक पूर्वाधार निर्देशनाल सुर्खेतलाई अनुरोध गर्ने सर्वसम्त निर्णय गरियो।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका वडा नं ९ स्थित छेपाडे खर्क देखि अछाम जिल्लाको सिमाना जोड्ने सडकको ४ किलोमिटर सडक खण्ड (छेपाडेखर्क माथिल्लो पाल्त) को प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) कार्यका लागि मिति २०८१।०५।२६ गते प्रस्ताव आह्वान गरेकोमा निर्धारित समयभित्र रीतपूर्वक प्रस्ताव पेश गर्ने परामर्शदाताबाट मूल्याङ्कनमा छनोट भएको भुगोल ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा. लि. कोटेश्वर, काठमाण्डौ बीच मिति २०८१।०८।०८ गते सम्म कार्यसम्मपन्न गर्ने गरी सम्झौता तथा कार्यदिश (मिति २०८१।०६।०९ गते) भएकोमा निर्धारित समय भित्र प्रतिवेदन पेश गर्न नसकी म्याद थपका लागि निवेदन (मिति २०८१।०८।०५) प्राप्त भएकोमा आज बसेको गाउँकार्यपालिकाको वैठकले मिति मिति २०८२।०३।२४ गतेसम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

उपरोक्त बमोजिम निर्णय नं.१ देखि ५ सम्म
प्रमाणित गरिएको छ।